निर्णय नं. १

२०८१ जेष्ठ ३२ गते शुक्रबारका दिन सम्पन्न नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयका सम्बन्धमा आजको बैठकमा समीक्षात्मक छलफल गर्दा निम्नानुसार पाइयो ।

१. ढुङ्गा, गिटी, वालुवाको अध्ययन गर्न गठित समितिले स्थलगत अनुगमन गरेको ।
२. बजेट सिलिङ्ग, मार्गदर्शन र योजना तर्जुमा तालिका वडा कार्यालय तथा शाखालाई उपलब्ध गराएको
३. आन्तरिक आय संकलन ठेक्का वन्दोवस्तीको प्रकृयामा रहेको

निर्णय नं. २

लेखा समितिबाट नगर सभामा पेश गर्न तयार भएको प्रतिवेदन बैठकमा पेश भइ छलफल हुँदा स्वीकृतीका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

न्यायीक समितिबाट नगर सभामा पेश गर्न तयार भएको प्रतिवेदन बैठकमा पेश भइ छलफल हुँदा स्वीकृतीका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

आर्थिक वर्ष ०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वय गर्न स्थानीय कर, शुल्क, दस्तुर, भाडा आदी संकलन गर्ने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक स्वीकृतीका लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

धनकुटा नगरपालिकाको आर्थिक वर्ष ०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक २०८१ स्वीकृतीका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

धनकुटा नगर कार्यपालिकाको मिति २०८०।०९।२०, मिति २०८०।१०।२६, मिति २०८०।११।९, मिति २०८०।११।१५, मिति २०८०।१२।२८, मिति २०८१।०२।३२, मिति २०८१।०३।०९ को बैठकबाट भएका निर्णयहरु अनुमोदनका लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगरको च.नं. १२३० मिति २०८०।११।१५ को स्थायी कार्यालय तथा स्थायी पद दर्ता सम्बन्धको प्राप्त पत्रानुसार नगर कार्यपालिकाको मिति २०८०।१२।२८ को बैठकबाट गत व्यवस्थापन सर्भेक्षण वमोजिम स्थायी पद दर्ताका लागि पठाउने निर्णय भए अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पर्क गर्दा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ६ (१) अनुसार संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी पठाए पछि मात्र पद दर्ता हुने जानकारी प्राप्त भएकोले प्रमुख प्रशासकीय अधिकृतले तयार गरी पेश गरेको व्यवस्थापन सर्भेक्षण प्रतिवेदन स्वीकृतीका लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं ८

धनकुटा नगरपालिकाबाट साबिकको कित्ता विवरणबाट यस अघि अनसूची-३ मा गरिएको भू-उपयोग वर्गीकरणमा छुट भई वर्गीकरण गरिदिन सम्वन्धित व्यक्तिवाट प्राप्त भएका निवेदन उपर मिति २०८०/१२/२८ र २०८१/०३/०९ गतेको स्थानीय भू-उपयोग परिषद्को बैठकमा छलफल भई वर्गीकरणका लागि सिफारिस भए वमोजिम भू-उपयोग (पहिलो संशोधन), नियमावली, २०८० को दफा ४ को उपदफा ४ अनुसार देहाय बमोजिम भू-उपयोग वर्गीकरण कायम गर्ने निर्णय गरियो।

| क्र.स. | जग्गाधनीको नाम | ठेगाना | साबिक ठेगाना | कि.न. | क्षेत्रफल | हालको अवस्था | कायम गर्नुपर्ने क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | ओङद तामाङ | धनकुटा न.पा. १ | निगाले ३ | ३६०७ | ३-६-०-० | छुट भएको | आवासीय |
| २ | ओङद तामाङ | धनकुटा न.पा. १ | निगाले ३ | २६२९ | ०-४-०-० | छुट भएको | आवासीय |
| ३ | नरेशमान राई | धनकुटा न.पा.७ | धनकुटा चुलीबन ५ | २४२८ | ३-१३-१-२ | छुट भएको | आवासीय |
| ४ | हर्कबहादुर राई/ देवेन्द्रबहादुर राई | धनकुटा न.पा. ९ | निगाले ९ | ६०६<br>२०८८ | ६-१३-२-०<br>६-१४-०-० | छुट भएको | आवासीय |
| ५ | केदार श्रेष्ठ | धनकुटा न.पा. ५ | धनकुटा बजार ५ | ४ | ०-३-१-० | छुट भएको | आवासीय |
| ६ | कल्याणभक्त श्रेष्ठ | धनकुटा न.पा. ६ | धनकुटा बजार ९ | ७९६<br>८०२ | ०-६-०-०<br>०-५-०-० | छुट भएको | आवासीय |

## निर्णय नं ९

धनकुटा नगरपालिकाको चौधौं नगरसभाका अवसरमा नगरक्षेत्रभित्रका तपसीलमा उल्लेखित विषय क्षेत्रमा उल्लेखनिय कार्य गर्ने व्यक्तिहरुलाई पुरस्कृत गर्न संस्था,व्यक्ति छनौट गर्न निम्नानुसारको समितिलाई जिम्मा दिने निर्णय गरियो

निम्न

संयोजक- श्री चिन्तन तामाङ्ग प्रमुख
सदस्य- श्री भिमादेवी खनाल उपप्रमुख
सदस्य- श्री दशरथ राई प्रमुख प्रशासकीय अधिकृत

पुरस्कृत गरिने विषय क्षेत्रहरु

उत्कृष्ट कार्य गर्ने सहकारी १
उत्कृष्ट कार्य गर्ने कृषक ४ (पशुपालन, क्षेत्र खाधान्न वाली, फलफुल खेती, तरकारी )
उत्कृष्ट कार्य गर्ने उधमी ख१
उत्कृष्ट कार्य सम्पादन गर्ने उपभोक्ता १
उत्कृष्ट कार्य सम्पादन गर्ने टोल विकास संस्था २
उत्कृष्ट करदाता १

उत्कृष्ट कार्य सम्पादन गर्ने वडा कार्यालयका सहायक कर्मचारी १

उत्कृष्ट कार्य सम्पादन गर्ने वडा सचिव १

उत्कृष्ट कार्य सम्पादन गर्नेनगरकार्यपालिकाका कर्मचारी २

उत्कृष्ट कार्य सम्पादन गर्ने कार्यालय सहयोगी १

उत्कृष्ट कार्य सम्पादन गर्ने सरसफाईकर्मी १

उत्कृष्ट कार्य सम्पादन गर्ने नगरप्रहरी १

गीत रचनाकार १

<u>निर्णय नं १०</u>

धनकुटा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ७९ अनुसार कसुर गरेको मानिने कार्यहरु गरेको, सहकारीको मूल्य, मान्यता र सिद्धान्तले स्व-उत्तरदायी, इमान्दारी, पारस्परिक सहयोग जस्ता अवधारणालाई आत्मसात् गरी सहकारीमा सुशासन प्रवर्धन गर्ने कानुनी जिम्मेवारी विपरीत हुने गरी कार्य गरेको देखिएको र कतिपय कारोबार नाम मात्रको सहकारी संस्थाबाट गरी बचतकर्ताहरुको बचत फिर्ता नगरी वित्तिय उत्तरदायी पूरा नगरेको र बचतकर्ताको रकम अपचलन गरेको देखिएकाले निम्नानुसार सहकारी संस्थाका अध्यक्ष लगायत अपचलनमा संलग्न व्यक्तिहरु माथि थप अनुसन्धान र कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

| क्र.स. | सहकारी संस्थाको नाम | अध्यक्षको नाम | उजुरीको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हाम्रो कृषि सहकारी संस्था लि. धनकुटा नपा-६ | श्री मञ्जु बस्नेत | धनकुटा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ७९ अनुसार कसुर गरी ६० जना बचतकर्ताको रु. ४,२९,२४,७१६।- बचत फिर्ता नगरेको । | |
| २ | श्री समृद्धी बचत तथा ऋण सहकारी संस्था लि., धनकुटा नपा- ६ | श्री लोकेन्द्र खड्का | धनकुटा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ७९ अनुसार कसुर गरी १८ जना बचतकर्ताको रु. ६,९६,१२५।- बचत फिर्ता नगरेको | |
| ३ | श्री अरुण उपभोक्ता सहकारी संस्था लि., धनकुटा नपा- १ | श्री गणेश पोखेल | धनकुटा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ७९ अनुसार कसुर गरी संस्थाको बचत, सम्पत्ति हिनामिना गरेको तथा बचत रकम आफु खुसी परिचालन गरी संस्थालाई हानी नोक्सानी पुर्याएको। | |

<u>निर्णय नं ११</u>

धनकुटा नगरपालिका वडा नं ६ को आयुर्वेदिक अस्पताल छेउको कोशी राजमार्ग देखि धनकुटा नगरपालिका वडा नं ४ स्कुल डाँडा जोड्ने सडकलाई राष्ट्रिय स्रष्टाको सम्मान स्वरुप झमक घिमिरे मार्ग नामाकरण गरी हरित सडकको रुपमा स्तरोन्नती गर्ने निर्णय गरियो।

<u>निर्णय नं १२</u>

हाल सम्मको वेरुजुको वडागत विवरण तयार गरी सवै वडालाइ उपलव्ध गराउने साथै वेरुजु फस्छ्यौंटका लागि नगरकार्यपालिकाको कार्यालयका सवै शाखा, उपशाखा, वडा कार्यालय सवैले समन्वात्मक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं १३

धनकुटा नगरपालिकाको कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धमा वनेको कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धी निर्देशिका, २०८१ संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

## कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी निर्देशिका, २०८१

**प्रस्तावना** : नगरपालिकाले कार्यान्वयन गर्ने विभिन्न योजना तथा कार्यक्रमहरूबाट नियमानुसार कट्टा गरी जम्मा हुन आउने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित र पारदर्शी रुपमा खर्च गर्न कानुनी प्रबन्ध गर्न वाञ्छनीय भएकोले धनकुटा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

一. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम कन्टिन्जेन्सी" रकम खर्च गर्ने सम्बन्धी निर्देशिका, २०८१" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

二. **परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(一) **"कन्टिन्जेन्सी रकम"** भन्नाले सार्वजिनक खरिद नियमावली, २०६३ तथा धनकुटा नगरकार्यपालिकाको निर्णय बमोजिम कट्टा गरेको कन्टिन्जेन्सी रकम सम्झनु पर्छ ।

(二) **"कार्यपालिका"** भन्नाले धनकुटा नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

(三) **"खरिद ऐन"** भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्छ।

(四) **"सार्बजनिक खरिद नियमावली"** भन्नाले सार्वजिनक खरिद (एघारौ संशोधन) नियमावली, २०७८ तथा धनकुटा नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७८ सम्झनु पर्छ ।

(五) **"बहुबर्षिय योजना"** भन्नाले एक आर्थिक वर्षमा सम्पन्न नहुने प्रकृतिको वा एकभन्दा बढी आर्थिक वर्षसम्म सञ्चालित हुने योजना सम्झनु पर्छ ।

(六) **"नगरपालिका"** भन्नाले धनकुटा नगरपालिका सम्झनु पर्छ ।

### परिच्छेद-२

### कन्टिजेन्सी रकम खर्च गर्ने व्यवस्था

三. **कन्टिन्जेन्सी रकमको व्यवस्था :** (१) नगरपालिका र अन्तर्गतवाट

सञ्चालन हुने योजना तथा कार्यक्रमहरूका लागि कन्टिन्जेन्सी रकमको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका योजना तथा कार्यक्रम सञ्चालनका लागि लागत अनुमान तयार गर्दा नै कन्टिन्जेन्सी रकम समेत समावेश गरी लागत अनुमान तयार गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम छुट्याइएको कन्टिन्जेन्सी बापतको रकमबाट खर्च हुने शीर्षकहरू र खर्च हुने रकम यकिन गरी सोको समेत अनुमानित लागत तयार गर्नुपर्नेछ ।

(४) यस दफाबमोजिम कन्टिन्नेन्सी रकमको व्यवस्था गर्दा देहायबमोजिम गर्नुपर्नेछ :-

(क) पूर्वाधार विकासका सबै योजनाहरूको लागि २ (दुई) प्रतिशत ।

(ख) सशर्त अनुदान तथा अन्यको हकमा अनुदान कार्यविधिमा तोकिएबमोजिम ।

(५) उपदफा (४) बमोजिम कन्टिन्जेन्सी रकमको

हिसाब गर्दा मूल्य अभिवृद्धि करबाहेकको लागत अनुमानको आधारमा हिसाब गर्नुपर्नेछ ।

四. <u>कन्टिन्जेन्सी</u> <u>खर्च शीर्षक</u> : (१) कन्टिन्जेन्सीको लागि छुट्याइएको रकम खर्च गर्दा पारदर्शी ढङ्गले खर्च गर्नुपर्नेछ ।

(२) कन्टिन्नेन्सीको लागि छुट्याइएको रकम देहायबमोजिमको शीर्षकमा खर्च गर्न सकिनेछ :-

一. योजना अनुगमन तथा सुपरीवेक्षण, मूल्याङ्कन, जाँचपास तथा प्रतिवेदन,

二. योजनासँग सम्बन्धित जनशक्ति व्यवस्थापनतथा अन्य प्रशासनिक काम कारबाही,

三. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामग्री, सवारी साधन, इन्धन,ल्यापटप, कम्प्युटर प्रिन्टर फोटोकपी मेशिन लगायतका आवश्यक उपकरणहरू खरिद,

四. परामर्श सेवा,

五. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी,

六. विवाद समाधान (मध्यस्थता, अदालती खर्च),

七. प्रोत्साहन खर्च,

八. योजनासम्बद्ध विषयमा अध्ययन, अवलोकन तथा अनुसन्धान,

九. बोलपत्र/प्रस्ताव तयारी/सूचना प्रकाशन/मूल्याङ्कन समिति/बैठक तथा प्रस्तुतीकरण भत्ता, योजना तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी अभिमुखीकरण र उपभोक्ता समिति/टोल विकास संस्था गठन, अभिमुखीकरण र तालिम/गोष्ठी, क्षमता विकास कार्यक्रम खर्च,

十. तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरू,

十一. कार्यपालिकाको निर्णयबमोजिम तोकिएका योजनासम्बन्धी अन्य क्षेत्र,

十二. योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा हुने यातायात खर्च,

十三. योजनासँग सम्बन्धित सामाजिक परिचालन खर्च,

十四. गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च,

十五. योजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्बन्धी खर्च,

十六. योजना तर्जुमा सम्बन्धी कार्यक्रम सञ्चालन,

十七. योजनाहरूको कार्यान्वयनको लागि जनप्रतिनिधिहरू, कर्मचारीहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन,

十八. योजना अनुगमन, मूल्याङकनसम्बन्धी खर्चहरू जस्तै : इन्धन, खाजा, खाना, अनुगमन भत्ता,

十九. योजनासँग सम्बन्धित कार्यहरूको सूचना प्रकाशन, छपाई, स्टेशनरी सम्बन्धी कार्य,

二十. योजनाको शिल्यान्यास, उदघाटन सम्बन्धी कार्यक्रम संचालन खर्च,

二十一. योजनासँग सम्बन्धित कार्यहरूको अध्ययन, अनुसन्धान, प्रचार प्रसार सम्बन्धी कार्य,

二十二. योजनाहरूको लागत अनुमान, डिजाइन, सर्भे सम्बन्धी कार्य,

二十三. सर्भे, डिजाइन गर्नका लागि आवश्यक पर्ने मेशिनरी सामग्रीहरू, उपकरण खरिद सम्बन्धी कार्य,

二十四. कार्यालय व्यवस्थापनका लागि कुर्सि, टेवल खरिद

二十五. नगरकार्यपालिकाको वैठक कक्ष र नगरसभा हल व्यवस्थापन फर्निचर खरिद

二十六. योजनाहरूको सामान्य मर्मतसम्भार लगायतका कार्य,

二十七. योजनाको प्रभाव मूल्याङकन, समीक्षा गर्ने कार्य,

二十八. योजनासँग सम्बन्धित कार्यालयले तोकेका कार्यहरू ।

## परिच्छेद-३

## विविध

五. **मितव्ययिता कायम गर्नुपर्ने :** कन्टिन्जेन्सी रकम खर्च गर्दा मितव्ययी र जवाफदेही रूपमा गर्नुपर्नेछ

六. कन्टिन्जेन्सी खर्चको अभिलेखन : यस निर्देशिका बमोजिम प्रत्येक योजना तथा कार्यक्रमका लागि खर्च भएको कन्टिन्जेन्सी रकमको अभिलेख तोकिएको ढाँचामा राखी नापी किताबमा समेत प्रविष्ट गर्नुपर्नेछ ।

七. बहुवर्षिय योजनाको कन्टिन्जेन्सी व्यवस्थापन : बहुवर्षिय योजनाको सम्झौता पश्चात सम्झौतामा उल्लेखित कन्टिन्जेन्सी रकमको ८० प्रतिशत सम्म रकम खर्च गर्न सकिने छ वाकी २० प्रतिशत रकम अन्तिम भुक्तानी पश्चात मात्र खर्च गर्न सकिनेछ ।

八. अन्य शीर्षकमा खर्च गर्न नपाइने : (१) यस निर्देशिकामा उल्लेखित व्यवस्था विपरीतका शीर्षकमा कन्टिन्जेन्सीको रकम खर्च गर्न पाइनेछैन । (२) उपदफा (१) विपरित रकम खर्च गरेमा खर्च गर्ने सम्बद्ध पदाधिकारीलाई विभागीय सजाय हुनेछ ।

九. प्रचलित कानुनको परिपालना गर्नुपर्ने : यस निर्देशिका बमोजिम कन्टिन्जेन्सी रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली र नगरपालिकावाट स्वीकृत अन्य कानुन बमोजिमको प्रक्रिया परिपालना गर्नु पर्नेछ ।

+. <u>बाधा अड्काउ फुकाउने अधिकार :</u> यस निर्देशिकाको कार्यान्वयनका सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।